१८४४।१३६६

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

मु.नं. ३२९/२०७२/०७३

निर्णय नं. १३६६

जिल्ला काठमाडौं, का.म.न.पा-१ अनामनगर बस्ने बालकृष्ण भट्ट ................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाली प्राविधिक सहयोग समुह, माइतीघर, काठमाडौं ............................१ विपक्षी

कार्यक्रम प्रवन्धक, नेपाली प्राविधिक सहयोग समुह, माइतीघर, काठमाडौं ............................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

जिल्ला काठमाडौं, का.म.न.पा-१ अनामनगर बस्ने बालकृष्ण भट्टले नेपाली प्राविधिक सहयोग समुह, माइतीघर, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।२९ मा पुनरावेदन गरेको । तत् पश्चात यस आयोगबाट नेपाली प्राविधिक सहयोग समुहलाई के कति कारणले पुनरावेदकलाई सूचना उपलब्ध गराउन भनि मिति २०७२/०३/१४, २०७२/१०/२८ र मिति २०७३/०२/१३ मा पत्राचार गरिएकोमा पुनरावेदकले हालसम्म पनि सूचना नपाइएको भनी पून उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ। ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपाली प्राविधिक सहयोग समुह, माइतीघर, काठमाडौंका अध्यक्ष र कार्यक्रम प्रवन्धकको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी **पठाउनू** । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. ०७१।०७२ मा खरिद गरिएका मसलन्द सामग्रीको विवरण र खर्च भएको बिल भर्पाइहरुको प्रतिलिपि ।

२. ०७१।०७२ मा गाडी मर्मत, इन्धन सम्बन्धमा भएका खर्च र यसको बिल भर्पाइको विवरण ।

३. ०७१।०७२ मा भिटामिन ए कार्यक्रममा भएको सम्पूर्ण खर्चको विवरण ।

४. नेपाली प्राविधिक सहयोग समूहमा भएका सवारी, ल्यापटपको पूर्ण विवरण र प्रयोग गर्ने कर्मचारीको नाम, ठेगाना र दर्जा सहितको विवरण ।

५. एनट्यागले आ.व. ०७१।०७२ मा गरेका सम्पूर्ण कामको विवरण र ती कार्यमा भएको खर्चको विवरण ।

६. एनट्यागका पदाधिकारी र कर्मचारीले भ्रमण भत्ता बापत लिएको भुक्तानीको प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असार ३१ गते रोज ६ शुभम् ।